कोशी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

धनकुटा, नेपाल

पत्र संख्याः-२०८२/०८३

चलानी नम्बरः- ४७६

मितिः २०८२।१२।२५

श्री शिक्षा विकास तथा समन्वय इकाइ (१४ वटै)
कोशी प्रदेश, नेपाल

**विषयः शिक्षकहरुबीच प्रदेशस्तरीय विषयगत शिक्षण सिकाइ प्रतियोगिता सञ्चालनका लागि रणनैतिक पाठ योजना सम्बन्धमा ।**

प्रस्तुत विषयमा कोशी प्रदेशमा कार्यरत माध्यमिक तह अनिवार्य विषयका शिक्षकहरुबीच विद्यार्थीमैत्री प्रकृतिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनका लागि आवश्यक पर्ने रणनीतिहरुसहितको पाठयोजना तयार गराई विषय विज्ञवाट मूल्याङ्कन पश्चात प्राप्त नतिजाका आधारमा उत्कृष्ट पाठयोजना निर्माण गर्ने शिक्षककहरूबाट आफ्नो विषयभित्रको कुनै एउटा पाठको Power Point Presentation तयार गरी विज्ञहरु माझ प्रस्तुत गराउने साथै प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्न सफल शिक्षककहरुलाई पुरस्कृत गरी निजहरुबाट तयार भएका रणनैतिक पाठयोजना र PPT लाई शिक्षा विकास निर्देशनालयको वेभसाइटमा प्रकाशन गरी सबै शिक्षक र विद्यार्थीहरूले प्रयोग गर्नसक्ने गरी पहुँच प्रदान गर्ने कार्यक्रम रहेकोले प्रत्येक जिल्लाका अनिवार्य ५ विषयका शिक्षककहरुबाट तपसिलमा उल्लेख भएका बुँदा (Clue) को प्रयोग गरी रणनैतिक पाठयोजना निर्माण गर्न लगाइ २०८३ वैशाख १५ भित्रमा शिक्षा विकास निर्देशनालयको मेल ठेगाना reddkt@gmail.com मा पठाइदिन हुन अनुरोध छ।

कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय धनकुटा, नेपाल

२०८२।१२।२५

कृष्णप्रसाद पोखेल

निर्देशक

वोधार्थः

१. श्री सामाजिक विकास मन्त्रालय कोशी प्रदेश विराटनगरः तहाँ मन्त्रालयको वेभसाइटमा सूचना प्रकाशन गरी आवश्यक सहयोगका लागि समेत।

कोशी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
धनकुटा, नेपाल

पत्र संख्याः-२०८२/०८३
चलानी नम्बरः-

तपसिलः

**शिक्षण सिकाइ तथा सिकाइ क्रियाकलाप तयारी र प्रस्तुतीकरण प्रतियोगिता**

१. कक्षाः एकाइः

विषयः पाठ्यवस्तुः

सिकाइको सान्दर्भिकताः

२. सिकाइका उद्देश्यः

- SMART (Specific, Measurable, Achievable, Relevant, Timebound) उद्देश्यहरू
- ज्ञान, सीप र व्यवहारमा आधारित उद्देश्यहरू

३. पाठयोजनाको तयारीः

- स्रोतसाधनको तयारी
- समय व्यवस्थापन
- चरणवद्ध क्रियाकलाप
- शिक्षक र विद्यार्थीको भूमिका
- ABC(Anticipation, Building Knowledge, Consolidation) सम्बद्ध क्रियाकलाप

४. प्रयोग हुने शिक्षण विधि/रणनीतिहरू (विधि छनौटको कारणसहित)

- परियोजनामा आधारित सिकाइ
- समूह कार्य/ सहकार्य
- ICTमा आधारित सिकाइ
- अन्य कुनै सान्दर्भिक विधि/रणनीति

५. शिक्षण सिकाइ सामग्रीगरू

- शिक्षण सिकाइ सामग्रीहरू
- स्थानीय स्रोतको उपयोग
- डिजिटल उपकरणहरू

६. सिकाइ क्रियाकलाप

- मष्तिष्क मन्थन
- विद्यार्थी सक्रियताका क्रियाकलाप
- वैयक्तिक/जोडा/समूह कार्य

फोन नं. ०२६-५२२२२० ईमेलः- reddkt@gmail.com

कोशी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा विकास निर्देशनालय
धनकुटा, नेपाल

पत्र संख्या:-२०८२/०८३
चलानी नम्बर:-

- प्रयोगात्मक/ ह्याण्ड्स अन(Hands on) कार्य
- समालोचनात्मक चिन्तन विकास गर्ने अभ्यास

७. समावेशिताको क्षेत्रहरू

- फरक क्षमताका विद्यार्थी समेट्ने विधि
- लैङ्गिक, जातीय, भाषिक लगायतका विविधता व्यवस्थापन

८. मूल्याङ्कन

- निदानात्मक, निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन
- क्वीज, अवलोकन, परियोजना कार्य लगायत
- रुब्रिक्स/मूल्याङ्कन सूचक

९. ICT को आवश्यकता र प्रयोग

- सिकाइमा प्रविधिको एकीकरण
- Interactive Tools
- डिजिटल सामग्रीको प्रयोग

१०. अपेक्षित उपलब्धि

- विद्यार्थीले हासिल गरेको सिकाइ
- सिकाइको प्रभाव (ज्ञान, सीप, अभिवृत्ति)
- जीवनोपयोगी सीपको विकास
- सिकाइको समाजमा योगदान

११. नवप्रवर्तनको स्थान

- सिर्जनात्मक अभ्यास
- स्थानीयकरण/विश्वव्यापीकरणको सम्भावना
- कृत्रिम बौद्धिकताको उपयोग

१२. शिक्षण सिकाइमा आइपर्ने समस्या, चुनौती र समाधानका उपायहरू

१३. निष्कर्ष

- आगामी दिनको सम्भावना
- स्वमूल्याङ्कन सहित